KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष १९, अंक-१८० बारा, २०७९ भदौ ९ गते विहिबार/त्रयोदशी/नेपाल संवत् ११४२ / Thursday, Aug. 25 2022/पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

## पर्साको पकाहामैनपुर र बिन्दवासिनी गाउँपालिकाका पूर्वअध्यक्ष एमालेमा प्रवेश

वीरगन्ज, ८ भदौ/पर्साका २ वटा गाउँपालिकाका पूर्वअध्यक्षहरु नेकपा एमालेमा प्रवेश गरेका छन् । पर्साको पकाहमैनपुर गाउँपालिकाका निवर्तमान अध्यक्ष बिजयकुमार चौरसिया र बिन्दवासिनी गाउँपालिकाका निवर्तमान अध्यक्ष श्रीलाल साह कानु एमालेमा प्रवेश गर्नुभएको हो । पूर्वअध्यक्ष चौरसिया र कानु जनता समाजवादी पार्टी परित्याग गरेर नेकपा एमालेमा प्रवेश गरेका हुन ।




यसअघिको निर्वाचनमा तत्कालिन संघीय समाजवादी फोरम र हालको जसपाबाट अध्यक्षमा निर्वाचित भएका चौरसिया र कानुसंगै बिन्दवासिनी गाउँपालिकाको उपाध्यक्षमा नेपाली कांग्रेसबाट निर्वाचित किरण देवी गुप्ता पनि एमालेमा प्रवेश गर्नुभएको छ । नेकपा एमाले क्षेत्र नम्बर ३ ले काठमाण्डौस्थित पार्टी कार्यालयमा पुगेर आयोजना गरेको कार्यक्रममा उनीहरुले पार्टी प्रवेश गरेका हुन् ।

त्यसैगरी लामो समयदेखि नेपाली कांग्रेसबाट सक्रिय राजनीति गर्दैआएका सखुवाप्रसौनीका निरराज गिरी पनि एमालेमा प्रवेश गर्नुभएको छ । उहाँ गाउँपालिकामा प्रभावशाली नेता मानिनुहुन्छ ।

२०५४ सालमा गाविस अध्यक्ष समेत भइसक्नुभएका गिरी यही मंसिर ४ गते हुने निर्वाचनमा पर्सा क्षेत्र नम्बर ३ (क) बाट प्रदेश सभा सदस्यका लागि सम्भावित उम्मेदवार समेत रहेको सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष यशवन्त यादवले जानकारी दिनुभयो । कांग्रेसका महाधिवेशन प्रतिनिधिसमेत रहनुभएका गिरी हाल वडा नम्बर ५ का वडा सदस्य पनि हुनुहुन्छ । प्रभावशाली नेतासँगै पूर्वपालिका अध्यक्षहरुको प्रवेशले एमाले पार्टीप्रतिको जनताको विश्वास पनि बढ्दै गएको अध्यक्ष यादवको भनाइ छ ।

पार्टी प्रवेश कार्यक्रममा जसपाबाट पकाहमैनपुर गाउँपालिकाको वडा नम्बर ३ बाट गत स्थानीय निर्वाचनमा वडाअध्यक्षका उम्मेदवार मदन साह कानु, सखुवाप्रसौनी वडा नम्बर १ का वडाअध्यक्ष बासुदेव महतो थारु, ४ नम्बरका वडाअध्यक्ष महमद आरिफ अन्सारी, पटेर्वासुगौली वडा नम्बर १ का फरमान अन्सारी, पटेर्वासुगौलीका पूर्वअध्यक्ष हरिनारायण चौधरी लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

## प्रमुख प्रशासकीय अधिकृत धितालको निजगढमा हाजिरी

निजगढ, ८ भदौ/निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतसुमनकुमार धितालले बुधवार कार्यालयमा हाजिरी गर्नुभएको छ ।




संघीय मामला तथा स्थानीय विकास मन्त्रालयबाट सरुवा भएर आउनुभएका धितालालाई कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद देवकोटा र अधिकृत रविन घिमिरेले कार्यालयमा स्वागत गर्नुभएको थियो । कार्यालयमा हाजिरी गरेसंगै प्रमुख प्रशासकीय अधिकृत धिताल र नगर कार्यपालिका सदस्यहरु र कार्यालयका कर्मचारीबीच परिचयात्मक कार्यक्रमको समेत आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै अधिकृत धितालले राष्ट्रसेवक कर्मचारीले कानुनले तोकेको जिम्मेवारी इमान्दारीताका साथ पालन गर्नुपर्ने बताउनुभयो । उहाँले कर्मचारी र जनप्रतिनिधिहरु मिलेर काम गर्नसके मात्रै सम्वृद्ध निजगढ निर्माण गर्न सकिने पनि बताउनुभयो ।

कार्यक्रममा नगर पालिकाका प्रमुख सुरत पुरी, उपप्रमुख सोममाया थिङ्गसहित अधिकांश वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो । अधिकृत धितालले कार्यालयमा जिम्मेवारी सम्हालेसंगै नगरपालिकामा लामो समयदेखि उत्पन्न हुदै आएको रिक्तताको अन्त्य हुने र अवरुद्ध काम सहजरुपमा अघि बढने वडा नम्बर ९ का वडा अध्यक्ष रामचन्द्र कुटुवालले विश्वस व्यक्त गर्नुभएको छ । उहाँले चालु आर्थिक वर्षको बजेट निर्माण र गत आर्थिक वर्षमा सम्पन्न योजनाको भुक्तानी जस्ता विषयमा तत्काल कार्यपालिकाको बैठक बसेर निर्णय गर्नुपर्ने पनि बताउनुभयो ।

त्यसैगरी वडा नम्बर ६ का वडा अध्यक्ष घनश्याम तिमल्सिनाले पनि प्रमुख प्रशासकीय अधिकृत धिताल कार्यालयमा हाजिर भएपछि बजेट निर्माण लगायतका काम काम तदारुकताका साथ अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले नगरको विकासको लागि जनप्रतिनिधि र कर्मचारी एकआपसमा मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

मन्त्रालयले भाद्र १ गतेको निर्णयअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा कार्यरत उपसचिव धितालालाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्ने गरी निजगढ खटाएको हो। पछिल्लो पटक मन्त्रालयको निर्णय उल्टाउदै सरुवा थमौति गरेर निजगढमा नै फर्किने प्रयासमा रहनुभएका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्की मन्त्रालयमा नै तानिएपछि धितालको निजगढमा सरुवा भएको थियो ।

## मोटरसाइकल दुर्घटनामा वीरगन्ज नगरपालिकाका कर्मचारीको मृत्यु

कृष्ण मोहन साह

सेढवा, ८ भदौ/पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ को निर्मलबस्ती नजिकै बुधवार मोटरसाइकल दुर्घटना हुँदा एकजना कर्मचारीको घटनास्थलमै मृत्यु भएको छ ।



ठोरी गाउँपालिका वडा नम्बर ३ स्थित शिकारीबासमा आफन्तको घरमा पुगेर फर्कदै गरेका वीरगन्ज महानगरपालिका वडा नम्बर ९ का कर्मचारी जगतदीप बिष्टको हुलाकी सडक नजिकको कच्ची सडकमा अपरान्ह ४ बजे मोटरसाइकल दुर्घटना हुँदा मृत्यु भएको ईलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ ।

मोटरसाइकलका एकजना मात्र सवार रहेको र अनियन्त्रित भइ दुर्घटना भएको अनुमान गरिएको इप्रका ठोरीका प्रहरी निरीक्षक श्रीकृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।

## प्रतिनिधिसभा निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिने डा. न्यौपानेको तयारी

निजगढ, ८ भदौ/आसान्न प्रतिनिधि सभाको निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट निजगढका डा. राकेश न्यौपानेले उम्मेदवारी दिने हुनुभएको छ । डा. न्यौपानेले अगामी प्रतिनिधि सभाको निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारी दिने घोषणा गर्नुभएको हो ।



मुलुकलाई आर्थिक र अध्यात्मिक समृद्धिको बाटो पहिल्याउन सहजकारी भूमिका निर्वाह गर्न प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवारी दिने तयारी शुरु गरिएको डा. न्यौपानेले बताउनुभएको छ ।

'नेपालमा शासकीय व्यवस्था विरुद्धको राजनीति समाप्त भइसकेको छ। अब नेपालीको चाहना भनेको आर्थिक समृद्धि र दीगो उन्नति हो। पूराना राजनीतिज्ञहरुले आफ्नो जीवनको उर्वर समय शासकीय व्यवस्था परिवर्तन गर्न खर्चिनु भएको छ,' डा. न्यौपानेले भन्नुभयो, 'उहाँहरुको लडाइ शासकीय व्यवस्थासँग थियो । त्यसमा उहाँहरु सफल हुनु भएको छ। अब मुलुकलाई आर्थिक समृद्धि र दीगो विकासको खाँचो छ ।' मुलुकलाई समृद्ध बनाउन राजनीतिमा युवाहरु पनि सक्रिय सहभागिता आवश्यक पर्ने भएकाले

बाँकी तेश्रो पेजमा

## बृन्दावन नगरपालिकामा कक्षा कोठाभित्र शिक्षकलाई मोबाइल चलाउन बन्देज

रौतहट, ८ भदौ/रौतहटको बृन्दावन नगरपालिकाले नगरभित्र रहेकासामुदायिक विद्यालयमा कार्यरत शिक्षक, शिक्षिका तथा कर्मचारीलाई कक्षा कोठाभित्र मोबाइल नचलाउन नगरपालिकाले निर्देशन दिएको छ ।




बृन्दावन नगरपालिकाले एक विज्ञप्ति जारी गर्दै नगरभित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई ड्युटीको समयमा मोबाइल चलाएको पाइए कारबाही गर्न प्रधानाध्यापकहरुलाई निर्देशन दिइएको हो ।

गतभाद्र १ गते प्रधानाध्यापकको बैठकले नगरभित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीलाई विद्यालय समयमा कक्षा कोठाभित्र मोबाइल नचलाउन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलले निर्देशन दिनुभएको हो ।

यदि कुनै शिक्षकले सो निर्देशनलाई अवहेलना गरेको पाइएमा शिक्षक आचारसंहिता अनुसारको कारबाही गर्न सिफारिससहित पठाउन सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुलाई अधिकृत भुजेलले निर्देशन दिनुभएको छ ।

विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुर्‍याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय........

# स्वतन्त्रलाई सकस

खासगरी काठमाडौं र धरानका मेयर राजनीतिक दलले राम्रो काम नगरेको प्रतिक्रिया स्वरुप जनताले जिताएका स्वतन्त्र उम्मेदवार हुन् भन्नेमा आशंका छैन । तरदलहरुले विजयी उम्मेदवारलाई असहयोग गरेर बदला लिंदैछन् । उता, मतदाताहरु दलविरुद्ध संगठित भएर जाइलाग्ने तयारीमा छन् । राजनीतिक दलहरुले जनताको आशय बुझेर 'अब हामी इमान्दार हुन्छौं' भनेर प्रकट होइदिए हुन्थ्यो भन्ने सोच पूरा हुनसकिरहेको छैन । स्थायी समाधान राजनीतिक दलकै नेतृत्व हो भन्नेमा कसैलाई आशंका पनि छैन ।

मुलतः मेयर साम्पाङले समस्यामा परेका स्थानीय बराह सहकारीमा रकम जम्मा गर्ने वचतकर्ताहरुलाई 'मलाई सोधेर बचत गरेको हो र ?' भन्ने अभिव्यक्ति दिएर मतदातालाई लज्जित बनाएका छन् । उनको जबाफका कारण आक्रोशित बनेको भीडले उनी विरुद्ध नाराबाजी गर्दै कार्यकक्षको झ्यालको सिसा समेत फुटाइदिएको छ ।धरानको बराह बचत तथा ऋण सहकारीमा 'राम्रो ब्याज पाइने' लोभले ठगिएका सेवाग्रहीप्रति उनको व्यवहार अपेक्षित थिएन ।

सहकारीले केही महीनादेखि बचतकर्ताको साँवा र ब्याज फिर्ता गर्न छाडेपछि पीडितहरू लगातार आन्दोलनमा छन् । बराह सहकारीबाट पीडितहरू 'बराह सहकारी पीडित संघर्ष समिति' गठन गरेर आन्दोलित छन् । संघर्ष समितिको प्रारम्भिक हिसाब अनुसार, करीब १३ हजार बचतकर्ताको आठ अर्बभन्दा बढी रकम सहकारीले फिर्ता गरेको छैन । देश संघीयतामा गएपछि स्थानीय सहकारीको दर्ता, नियमनदेखि खारेज गर्नेसम्मको अधिकार स्थानीय सरकारले पाएको छ ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्गिट कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्व्याम्प लगायत अर्डर अनुसारका सामानहरु उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरु तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरु बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

**सम्पर्क**

**के. एस मल्टिप्रपोज प्रा.लि.**

**वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५**


# प्रशासनिक संघीयता : अधुरो कार्यसूची




☐ **डा. सोमलाल सुवेदी**

प्रशासनिक संयन्त्र प्रशासनिक संघीयताको ढाँचा, संवैधानिक र कानुनी व्यवस्था तथा राजनीतिक सुझावको उपज हो।

नेपालको संघीय शासन प्रणालीले सातौं वर्ष पूरा गर्नै लागेको छ। संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको नेपालको मूल संरचना निर्माण पूरा भई कार्यसम्पादन भइरहेको छ। संघीयतापछि पहिलो निर्वाचन अवधि व्यतीत भई स्थानीय तहमा दोस्रो पटक निर्वाचित पदाधिकारीहरूले स्थानीय सरकार सम्हालेका छन्। प्रदेश र संघीय तहको निर्वाचन आगामी मंसिर ४ गते हुने गरी प्रक्रिया अघि बढेको छ। नियमित निर्वाचनलाई उपलब्धि मान्ने हो भने लोकतन्त्रको जय जय भन्नु अतिशयोक्ति नहोला। तर दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मूल उद्देश्य राखेको नेपालको संविधानबमोजिम तीन तहका सरकारले प्रयोग गरिरहेको राज्य शक्ति र यसको प्रतिफल अपेक्षाकृत छ छैन ? विचारणीय छ।

संविधान, राज्य संरचना, राज्य शक्तिको प्रयोग, नियन्त्रण र सन्तुलनका प्रावधान र मौलिक हकको व्यवस्था दृष्टिगत गर्दा प्रणाली र संरचनालाई दोष दिने खासै ठाउँ छैन। तापनि कार्यान्वयन क्षमता इमान्दारिता, समन्वय, सेवा प्रवाह र जवाफदेहीका लागि विशेष ध्यान पुऱ्याई राजनीतिक नेतृत्व र प्रशासनिक क्षेत्रले सबै तहमा शासकीय अर्थात् कार्यदक्षता बढाउनु प्राथमिकताको कार्य क्षेत्र हुन आएको छ। सेवामा समानता, प्रभावकारिता र सन्तुलित विकासका लागि संघीय संरचनाले मागेको राजनीतिक, प्रशासनिक र सामाजिक रूपान्तरण हुन सकेमा उद्देश्य भाव, शब्द, संरचना र राज्य सञ्चालनका आयाम हेर्दा सुन्दर लाग्छन्। अधिक जनसहभागिता बहुतहका ७ सय ६१ वटा सरकारले बाँडेका रूपमा र तोकिएका जिम्मेवारी पूरा गर्ने हो भने नेपाल साँच्चै समुन्नत हुन धेरै समय लाग्दैन।

राजनीतिक, प्रशासनिक र सामाजिक रूपान्तरण अनि सबै सरकारको दक्षता वृद्धि हुन नसक्दा संघीयतामा नै प्रश्न उठ्न थालेको छ। यसका मूलतः दुईवटा पाटा हुन सक्छन्। पहिलो शासकीय अदक्षता छोप्ने माध्यम दोस्रो सात वर्ष व्यतीत हुँदा नतिजा सन्तोषजनक नदेखिइनु। राजनीतिक चौराहामा संघीयताको रोदन एकातिर छ भने अर्कोतिर शासकीय प्रणालीलाई तीनै तहमा दक्ष, समावेशी, मितव्ययी, सदाचारयुक्त, नतिजामूलक, जवाफदेही र जनमैत्री बनाउन नसक्दा संघीयतामा प्रश्न उठाउने ठाउँ हुनु स्वाभाविकै हो।

स्वयं राजनीतिक नेतृत्व तह नै एकात्मक शैली त्याग्न नसकी संघीयता कार्यान्वयनलाई प्राथमिकताका साथ अघि बढाउन अल्मलिएको देखिन्छ।

राजनीतिक संघीयताले वित्तीय र प्रशासनिक संघीयतालाई नेतृत्व तथा सहजीकरण गर्न सक्नु पर्छ। संघीयता अवलम्बनपछि करिब ४० हजार राजनीतिकर्मीले प्रत्यक्ष तलबी अवसर पाएका छन्। उमेरको हक नलाग्ने राजनीतिमा वडा तहदेखि प्रधानमन्त्रीसम्म हुने सम्भावना छ। हरेक तहमा पारिश्रामिक सुविधा र राज्यको स्रोत, साधन तथा शक्तिको उपयोग गर्ने गराउने प्रचुर अवसर राजनीतिक क्षेत्रलाई प्राप्त भएको छ। सोको आस्वादन गरिरहेको क्षेत्रले प्रशासनिक र वित्तीय संघीयतालाई राजनीतिको अग्रीम कार्यसूची बनाउन सकेको देखिँदैन। ओस्ट्रमले भने झैं संघीयता सामान्यतया शक्तिको प्रयोग र प्रतिस्पर्धीका चाहना नियन्त्रण गर्ने सरकारकै रूपमा हाम्रो संघीयता चरितार्थ भएको आभास हुन्छ।

> आदर्श क्षयीकरण हुँदै गएको राजनीतिक दलहरूले नपत्याउने ठूलाठूला अतिरञ्जित कुराहरू घोषणापत्रमा राख्नु हुँदैन। यसको सट्टा व्यावहारिक र शासकीय दक्षता बढाउन प्रशासनिक संघीयताको मर्म विचार गर्नुपर्छ।

सबल प्रशासनिक संघीयता कार्यान्वयनका लागि अपरिहार्य हुन्छ। १० वर्ष लगाएर बनाइएको हाम्रो संविधानमा राजनीतिक र वित्तीय पक्ष जति उल्लेख गरिएको छ, त्यति प्रशासनिक पक्षमा बोल्न सकेको देखिँदैन। संघ, प्रदेश र स्थानीय सेवाहरू गठन गर्ने प्रावधानलाई निजामती सेवा र सेवा ऐनहरू बनाउन नसक्दा राजनीतिक प्राथमिकता यसमा रहनेछ भन्ने प्रष्ट हुन्छ। त्यसो त प्रशासनिक संघीयता हाम्रो संघीयता निर्माणको अधुरो कार्यसूची हो। कर्मचारी समायोजनलगायतको धारा ३०२ संविधान जारी गर्ने अन्तिम तयारीको समय प्रशासनिक नेतृत्वको प्रयासबाट राखिएको हो। कर्मचारी संयन्त्र सबलीकरण र यसको भूमिकाका बारेमा संविधानसभामा खासै छलफल भएन भने संविधान तयारीको अन्तिम घडीमा राखिएको धारा ३०३ मा पनि कुनै छलफल नभै समावेश गरिएको थियो। यस प्रावधानले कानुन बनाउने र कर्मचारी केन्द्रित समायोजन गर्दै आउनु पर्नेमा संघमा अटे जति संघमै राखियो। संघीय तहको संरचना बोझिलो रहिरह्यो।

प्रशासनिक संयन्त्र प्रशासनिक संघीयताको ढाँचा, संवैधानिक र कानुनी व्यवस्था तथा राजनीतिक सुझावको उपज हो। राजनीतिक र वित्तीय संघीयतालाई कानुनबमोजिम प्रयोग गराउने संगठनात्मक स्वरूप र प्राविधिक ज्ञान तथा विज्ञका रूपमा प्रशासनिक संघीयतालाई लिन सकिन्छ। काम गर्ने जनशक्ति, संरचना पद्धति, कार्यविधि र निरन्तर जाँगर चल्ने वातावरण भएन भने काम र दमको प्रयोजन निष्क्रिय हुन जान्छ। संगठनको मूल्य र कानुनबमोजिम शक्ति पृथकीकरणको आयामबाट प्रशासनिक, संघीयता प्रभावित हुन्छ। हाम्रो कार्यसम्पादन शैली हेर्दा न त लोकतन्त्रको सुदृढीकरण हुन सकेको छ न त नियन्त्रण र सन्तुलन नै प्रभावकारी छ। तीनै तहमा बहुमत नै सर्वेसर्वा भई नियमनकारी पद्धति अर्थात् नियमनकारी संघीयता अत्यन्तै कमजोरी छ। यसबाट लोकतन्त्रको संस्थागत सुदृढीकरण, सुशासन र सरकारको दक्षता बढाउने सोच गौण हुन जान्छ।

बहुमत प्राप्त गरी ७ सय ६१ वटा सरकारमा शासन गर्ने मनोग्रन्थीले समग्र राजनीतिक क्षेत्र ग्रसित भएको छ। यसरी अधुरो प्रशासनिक संघीयताको काम पूरा गरी प्रशासन संयन्त्र वडा तहदेखि संघीय मन्त्रिपरिषद्को तहसम्म सबल, कर्मठ व्यावहारिक, निडर र पद्धतिगत प्रशासनिक संयन्त्र बनाउनमा राजनीतिको ध्यान पुगेको छैन। लामो समयदेखि प्रशासन सुधार हुन सकेको छैन। संविधान जारी भएपछि प्रशासनिक संयन्त्रले करिब १० महिना लगाएर तयार गरेको कार्य विस्तृतीकरणबमोजिम संघ, प्रदेश र स्थानीय तहमा पुनः संरचना तथा संगठन, संरचना बनाउनुपर्ने थियो। तर, सोबमोजिम नभई संघीय मन्त्रालयको चाहनाबमोजिम संघीय तहमा प्रदेशले पनि सिर्जनशीलता र खोजभन्दा तत्काल कार्यसम्पादनमुखी भएर संगठन संरचना बनाउन पुगे भन्ने कतिपय स्थानीय तहमा स्थायी रूपमा नचाहिने संगठनहरू निर्माण गरी राजनीतिक दलका कार्यकर्ता, भर्ती गरेका उदाहरणसमेत छन्।

संगठन संरचना र राजनीतिक नियुक्ति गर्दा, गराउँदा दीर्घकालीन दायित्व विद्यमान संगठन संरचनामा पर्ने असर, गुणस्तर, दिगोपना र मितव्ययिताभन्दा गुट, उपगुट, फुट र जुटका राजनीतिक स्थल बन्दै गएको अनुभूति हुन्छ। औपचारिक संयन्त्र र जिम्मेवारी प्रशासनिक संयन्त्रभन्दा राजनीति निकट संयन्त्र जवाफदेहीबिनाको प्रभावकारी र क्रियाशील हुन पुग्छ। प्रशासन संयन्त्रमा उदासीनता बढ्दै गएको सबै तहका कर्मचारीले अनौपचारिक रूपमा बताउने गरेका छन्। आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक तापक्रम बढ्दै छ। दलहरू सत्ता प्राप्तिका लागि अर्थात् निर्वाचन जित्न धेरै रकम खर्च गर्नुपर्छ भनेर शीर्ष नेताहरू स्वयं बताइरहेका छन्। निर्वाचन आचारसंहिताले वास्तविकताको खिल्ली उडाएजस्तो लाग्छ। लोकतन्त्रको वास्तविक मर्मअनुसार न त निर्वाचन प्रणाली चलेको छ, न त निर्वाचनबाट बिजित राजनीतिक नेतृत्वले लोकतन्त्रका शाश्वत मूल्य र मान्यता पालनाबाट समाजमा मूल्यको सिर्जना नै गर्न सकेका छन्।

यस्तो पद्धतिबाट छानिएको राजनीतिक नेतृत्वले प्रशासनलाई कस्तो दिशानिर्देश गर्ला ? स्पष्टै छ, प्रत्यक्ष, अप्रत्यक्ष शक्तिको व्यापार गरिदिनेहरू प्रशासनिक संयन्त्रका आकर्षक ठाउँमा पदासीन हुन्छन् भन्ने कुरा घामझैं छर्लंग छ। सत्तामा बसे पनि प्रतिपक्षमा बसे पनि राजनीतिक संस्कार उही हो। परीक्षण नभएको नेतृत्व फेरि पनि मुलुकले नपाउने निश्चित जस्तै छ। जनतासँग प्रत्यक्ष सम्पर्क हुने प्रशासन संयन्त्र व्यावसायिक स्वायत्त, निडर, कामकाजी र जवाफदेही नहुने हो भने प्रशासनिक संघीयताले प्रतिफल दिन सक्तैन। संविधान निर्माणका समयमा ध्यान नपुगेको अर्थात् डिजाइन, डेफसिटका रूपमा रहेको प्रशासनिक संघीयता निर्माण गरी सबल प्रशासनिक संयन्त्र बनाउने कुरा कुनै पनि राजनीतिक दलहरूले घोषणापत्र बनाउँलान्। सस्तो महँगो लोकप्रियताका नारा घन्काउलान्।

तर संविधान कानुन, नीति, योजना, कार्यक्रम, बजेट र आयोजना कार्यान्वयनमा हामी कहाँ छौं ? र राजनीतिक दलहरूले कति ध्यान दिएका छन् ? भनेर जनस्तरबाट प्रश्न हुँदैन। स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरूबाट वाक्क भएको प्रतीकात्मक संकेतस्वरूप स्वतन्त्र नगर प्रमुखहरू निर्वाचित भएका छन्। यसबाट समाज परिवर्तन र रूपान्तरणका लागि जुर्मुराएको अनुमान त गर्न सकिन्छ। तर आगामी

निर्वाचनमा राजनीतिक रूपमा विभाजित नेपाली समाजले नयाँ गिरावट मत जाहेर गर्ने अवसर पाउँलान्, नपाउँलान् वा उही पुरानै कर्मकाण्डीय चुनाव गराएर निर्वाचन आयोगले हिसाब मिलाउँछ। निर्वाचनको यक्ष प्रश्न हो।

संघीयता कार्यान्वयनका लागि

बाँकी तेश्रो पेजमा

# अध्यक्ष ओलीसँग राजदूतहरूद्वारा सामुहिक भेट

काठमाडौं ८ भदौ/ नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग नेपालका लागि अमेरिका र बेलायतका राजदूतहरू तथा अष्ट्रेलिया, स्वीट्जरल्याण्ड र युरोपेली संघका निमित्त राजदूतहरूले बुधवार पार्टी कार्यालय,च्यासलमा सामुहिक भेट गर्नुभएको छ ।

अध्यक्ष ओलीसँग अमेरिकी राजदूत न्याण्डी बेरी, बेलायतका राजदूत निकोला पोलिट, अष्ट्रेलिया, स्वीट्जरल्याण्ड र युरोपेली संघका निमित्त राजदूतहरूले भेटवार्ता गर्नुभएको हो ।

भेटवार्तामा अध्यक्ष ओलीका साथमा उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, उपमहासचिव विष्णु रिमाल र परराष्ट्र मामिला विभाग सचिव डा.अञ्जान शाक्य सहभागी हुनुहुन्थ्यो ।

भेटमा राजदूतहरूले नेपाल सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न लागेको र त्यसमा प्रमुख विपक्षी दल नेकपा (एमाले) को भूमिकाका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा त्यसमा अन्तर्राष्ट्रियस्तर र मान्यतामा ध्यान पुऱ्याउनुपर्छ भन्ने उहाँहरूको चासो र चिन्ता रहेको थियो । नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता बमोजिमको व्यवस्था ऐनमा हुनुपर्ने र त्यसका लागि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को प्रभावकारी र महत्वपूर्ण भूमिका रहोस् भन्ने उहाँहरुको भनाइ रहेको भेटमा सहभागी एमाले उपमहासचिव सचिव रिमालले जानकारी दिनुभयो ।

सो अवसरमा अध्यक्ष केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण र संशोधनको काम गर्दा संसदको सम्पूर्ण प्रक्रिया पूरा गरेर गर्नुपर्छ भन्ने एमालेको धारणा रहेको बताउनुभयो । अध्यक्ष ओलीले यस्ता महत्वपूर्ण विधेयकहरू छोटो प्रक्रियाबाट पेलपाल गरेर अगाडि बढाउनु न्यायोचित हुँदैन भन्ने मान्यता एमालेको रहेको स्पष्ट गर्नुभयो ।

उहाँले 'जिल्ला(जिल्लामा गई पीडितहरूको आवाज सुनेर र प्रक्रिया पुऱ्याएर अगाडि बढ्नुपर्नेमा दुःखको विषय सत्ता गठबन्धन आजको आजै, अहिले नै हुनुपर्छ जस्तो ढङ्गले अगाडि बढेको देखिन्छ, त्यस्तो हुन सक्दैन' भन्नुभयो ।

यो समस्या गठबन्धन सरकार र गठबन्धनमा रहेका दलहरूको मात्र नभई देशकै समस्या भएकाले बहुमत(अल्पमतको आधारभन्दा माथि उठेर एकताका साथ टुङ्याउनुपर्छ भन्ने एमालेको धारणा रहेको अध्यक्ष ओलीले स्पष्ट गर्नुभयो । भेटवार्तामा अध्यक्ष ओलीसँगै रहनुभएका पार्टीका उपाध्यक्ष तथा संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले यस विषयमा सर्वोच्च अदालतले के फैसला गर्छ, त्यसलाई हेर्नुपर्ने र नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता अनुसार प्रक्रिया अगाडि बढाउनुपर्ने लगायत विषय राख्नुभएको थियो ।

## प्रतिनिधिसभा निर्वाचनमा...

प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवारी दिने योजना बनाएको डा. न्यौपानेले बताउनुभयो ।

नेश्नल मेडिकल कलेज वीरगन्जबाट एमबीबीएस उर्तिण गर्नुभएका डा. न्यौपाने विभिन्न स्वास्थ्य निकायमा आवद्ध रहनुका साथै राजनीतिक रुपमा पनि सक्रिय रहँदै आउनुभएको छ। साथै उहाँ हाल त्रिभुवन विश्वविद्यालयमा राजनीतिक शास्त्रमा स्नातोकत्तर तहमा अध्ययन गर्दैहुनुहुन्छ

उहाँले कोरिया नेपाल हस्पिटल, अल्का हस्पिटलगायतमा काम गरिसक्नुभएको छ। साथै उहाँले २०७४ सालदेखि पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको स्वास्थ्य सल्लाहकारको रुपमा पनि काम गर्दै आइरहनुभएको छ । सन् २०१९ सार्क एन्टिडोपिक कन्फरेन्समा उहाँ नेपालको प्रतिनिधित्व गर्नुभएको थियो ।

उहाँसामाजिक कार्यमा पनि सक्रिय हुदै आउनुभएको छ । २०७२ सालको महाभुकम्प र कोभिड(१९ को समयमा विभिन्न स्थानमा राहत वितरण कार्यमा डा. न्यौपानेले सक्रिय सहभागिता जनाउनुका साथै स्वास्थ्य शिविरहरु पनि सञ्चालन गर्नुभएको थियो ।

उहाँले नेपाललाई वैदिक सनातन धर्म निर्देसित वैज्ञानिक तथा अध्यात्मिक समाजवादी राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ विगत ६ वर्षदेखि विभिन्न अभियानमार्फत संघर्ष गर्दै आएको र त्यसलाई कार्यान्वयन गर्ने लक्ष्य राखेर प्रतिनिधि सभा निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारी दिने निर्णय गरेको बताउनुभएको छ ।

## फेसबुक 'ह्याक' गरेर .....

असुली गरेको पाइएको छ । उनले ठगी गरेकाहरू अझै पनि सम्पर्कमा आइरहेकाले पीडितको सङ्ख्या बढ्न सक्ने प्रहरीले जनाएको छ ।

पक्राउ परेका पाठकलाई काठमाण्डौ जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ ।

## सडक अलपत्र पार्ने...

आयोजनाले सिफारिस गरेको ६ महिनाभित्र कालोसूचीमा राख्ने/नराख्ने निर्णय गरिसक्नुपर्छ। बालाजु(रानीपौवा सडकको संयुक्त ठेक्का लिने एआईपीएल(शैलुङ कन्स्ट्रक्सनलाई कालोसूचीमा राखिएको हो । कालोसूचीमा परेकाले दुवै निर्माण कम्पनीले नयाँ ठेक्का पाउनेछैननरु।

त्यसैगरि, सार्वजनिक खरिद अनुगमन कार्यालयले दुई चिनियाँ निर्माण कम्पनीलाई पनि कालोसूचीमा राखेको छ । नेपाल विद्युत् प्राधिकरणको सिफारिसमा कार्यालयले चोङदिङ इन्टरनेसनल इन्जिनियरिङ कम्पनी लिमिटेड र चाङकिङ वाङपियान इलेक्ट्रिक ग्रुप कर्पोरेशन लिमिटेडलाई कालो सूचीमा राखिएको हो । दुवै कम्पनीलाई ३ वर्षका लागि कालोसूचीमा राखिएको हो ।

# पर्सा जिल्लाबाट महिला/पुरुष भलिबल खेलाडी छनौट सम्पन्न



आर.के.चौधरी

सखुवाप्रसौनी ८ भदौ/जिल्ला खेलकुद विकास समिति पर्साको आयोजनामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ मा सहभागी हुन पर्सा जिल्लाबाट महिला तथा पुरुष भलिबल खेलाडी छनौट भएका छन ।

सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर २ स्थित श्री दिपनारायण आदर्श नमुना माध्यमिक विद्यालयमा छनौट प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगिता विद्यालयका प्रधानाध्यापक शिवनाथ थारुको प्रमुख आतिथ्यतामा भएको सो छनौट प्रतियोगितामा पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरी, पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, सशस्त्र प्रहरी बागेश्वरी तित्रौनाका प्रहरी निरीक्षक प्रकाश पाण्डे, जिल्ला भलिबल संघ पर्साका अध्यक्ष मोहमद फिरोजलगायतको उपस्थिति रहेको थियो । छनौट प्रतियोगितामा पर्सागढी नगरपालिका, पटेर्वासुगौली गाउँपालिका र सखुवाप्रसौनी गाउँपालिकाका महिला तथा पुरुष खेलाडीहरुले भाग लिएका थिए।

# थाइल्यान्डका प्रधानमन्त्री निलम्बनमा, कार्यकाल सकिएको संवैधानिक अदालतको ठहर

काठमाण्डौं, ८ भदौ/थाइल्यान्डका प्रधानमन्त्री प्रयुत चान ओचालाई संवैधानिक अदालतले निलम्बन गरेको छ। कानुनले तोकेको आठ वर्षे कार्यकाल सकिएको भन्दै संवैधानिक अदालतले प्रधानमन्त्री प्रयुत चान ओचालाई निलम्बन गरेको रोयटर्सले जनाएको छ

थाइल्यान्डमा सन् २०१७ मा बनेको संविधानले एक व्यक्ति प्रधानमन्त्री पदमा आठ वर्षभन्दा बढी बस्न नपाउने व्यवस्था गरेको छ । सन् २०१४ मा प्रधानमन्त्री बनेका प्रयुतको कार्यकाल यही कानुनी व्यवस्थाअनुसार सकिने भन्दै विपक्षी दलहरूले संवैधानिक अदालतमा रिट दायर गरेका हुन् । तर प्रधानमन्त्री प्रयुतका समर्थकहरूले भने सन् २०१७ मा संवैधानिक व्यवस्था भएपछिको कार्यकाल मात्रै गणना गरेर आठ वर्ष कार्यकाल हुनुपर्ने दाबी गर्दै आएका थिए

सन् २०१७ मा सेनाले बनाएको संविधान लागू भएपछि थाइल्यान्डमा सन् २०१९ मा चुनाव भएको थियो । विवादास्पद चुनाव जितेका प्रयुत प्रधानमन्त्री भएपछि सन् २०२० मा सरकार विरोधी प्रदर्शनहरू भएका थिए । कोरोना महामारी नियन्त्रणमा प्रभावकारी काम नभएको, अर्थतन्त्र कमजोर भएको लगायतका आरोपको सामना गरिरहेका प्रधानमन्त्री प्रयुतले अहिले संवैधानिक व्यवस्थाको सामना गर्नुपरेको छ ।

प्रयुत प्रधानमन्त्रीबाट निलम्बनमा परेपछि अब सेनाका पूर्व प्रमुखसमेत रहेका उपप्रधानमन्त्री प्रवीत वोङ्सुवान अन्तरिम प्रधानमन्त्री बन्ने सम्भावना रहेको रोयटर्सले जनाएको छ ।

## प्रशासनिक संघीयता ...

राजनीतिक दलहरूले वडा तहदेखि सिंहदरबारसम्मका विभिन्न तह र प्रकारका प्रशासनिक संयन्त्रलाई कसरी प्रभावकारी बनाउने कार्यसूची ल्याउँछन् भनेर सोधखोज गर्नु एक उपयोगी कार्य हुनेछ। जति चर्को कुरा र घोषणापत्र बनाए पनि संविधान संशोधन र व्यवस्था परिवर्तन गर्ने गरी मत ल्याउने कुनै पनि दलको हैसियत देखिँदैन। कुनै अप्रत्याशित चमत्कार भएमा मात्र कुनै एउटा दलले बहुमत ल्याउला। नत्र भोट दिऊँ दिऊँ लाग्ने गरी लोभलाग्दो दल र नेताहरूको त खडेरी नै छ।

तसर्थ आदर्श क्षयीकरण हुँदै गएको राजनीतिक दलहरूले नपत्याउने ठूलाठूला अतिरञ्जित कुराहरू घोषणापत्रमा राख्नु हुँदैन। यसको सट्टा व्यावहारिक र शासकीय दक्षता बढाउन प्रशासनिक संघीयताको मर्म विचार गर्नुपर्छ। यसरी यसलाई प्रभावकारी, जनमुखी, नतिजामुखी र जवाफदेही बनाउन नीतिगत, कानुनी प्रक्रियागत, संरचनागत, प्रविधिको प्रयोग र अधिक नागरिक सहभागिताका विषयहरूमा ध्यान पुऱ्याउनु पर्छ। त्यसो गर्न सके संविधान निर्माण र संघीयताको अधुरो कार्यसूची प्रशासनिक संघीयता प्रभावकारी भई संविधानको अभीष्ट पूरा हुने झिनो आशा राख्न सकिन्छ कि ?

साभारः अन्नपूर्णपोष्ट

## भूमी सुधार तथा मालपोत कार्यालय पर्साको हक दाबी सम्बन्धि ३५ (पैतिस) दिने सार्वजनिक सूचना

उप्रान्त वादी जिल्ला पर्सा साविक गा.वि.स. सेढवा वडा नं. १ मा बस्ने दिन्देश्वर पञ्जियार थारु र प्रतिवादी ऐ.ऐ. बस्ने डोमा दास भन्ने प्रेमजी भएको राजीनामा लेखत पारित मुद्दामा पर्सा जिल्ला अदालतको मिति २०३०।०३।०७ गते भएको फैसला अनुसार डोमा दास भन्ने प्रेमजीको नाम दर्ताको तपसिलको जग्गा दिन्देश्वर पंजियार थारुले दा.खा.दर्ता नगराउदै निजको मृत्यु भई हकखाने पत्नीको समेत मृत्यु भई निजहरुका हकखाने १ मात्र छोरा राम औतार पंजियार थारु भएकोले उक्त जग्गा दा.खा. नामसारी गराई पाउँ भनी निवेदक राम औतार पंजियार थारुले द.नं. २८९४४ मिति २०७७।१२।२४ को माग निवेदन पेश गर्नु भई माँग अनुसारको तपसिलको जग्गाको मोठ श्रेस्ता जीर्ण भई च्यातिएको भनी मोठ फाँटबाट प्रमाणित मोठ भिडी आएको सन्दर्भमा सम्मानित अदालतको फैसला बमोजिमको सो जग्गाको श्रेस्ता कायम, दा.खा. नामसारी सम्बन्धमा यस कार्यालयको मिति २०७९।०४।२९ को आदेशानुसार हक दाबीको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदक राम औतार पंजियार थारुको माँग दाबी भएको तपसिलको जग्गा अरु कोही कसैको हक भोग लाग्ने, पुग्ने भए वा उल्लेखित जग्गाको श्रेस्ता कायम गरी निज निवेदकको नाममा दा.खा. नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मिति देखि बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित उजुर दावी गर्न आउनु होला । म्याद भित्र दाबी बिरोध नपरेमा कानून बमोजिम हुनेछ ।

तपसिल

| गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| साविक सेढवा | १ | - | ५२ | ०-०-६ | डोमा दास भन्ने प्रेमजी |

## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
### जीतपुरसिमरा उ.म.न.पा-१, पथलैया, बारा
### दरखास्त आह्वान सम्बन्धि सूचना

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९ भाद्र १ गतेको निर्णय बमोजिम यस विद्यालयमा तपसिल अनुसारको राहत अनुदान कोटामा शिक्षक पदपूर्ती गर्नको लागि करार सूचिमा रहेका उम्मेदवार तथा खुल्ला विज्ञापनबाट योग्य नेपाली नागरिकहरुलाई दरखास्त आवहान गरिन्छ ।

**१. विज्ञापन नं. ०१।२०७९।०८०**
- क) पदः शिक्षक
- ख) तहः माध्यमिक शिक्षक राहत
- ग) संख्या १
- घ) विषयः नेपाली
- ङ) शैक्षिक योग्यताः मूल विषय नेपाली लिई बि.एड. वा सो सरह

**२. विज्ञापन नं. ०२।२०७९।०८०**
- क) पदः शिक्षक
- ख) तहः निम्न माध्यमिक शिक्षक राहत
- ग) संख्या १
- घ) विषयः विज्ञान तथा गणित
- ङ) शैक्षिक योग्यताः मुल विषय विज्ञान र गणित लिई विज्ञान संकायबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह

**३. आवेदनका लागि आवश्यक जानकारीहरुः**
- क) शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्र छाँयाप्रति (२ प्रति) ।
- ख) नेपाली नागरिकता प्रमाणपत्रको छाँयाप्रति (२ प्रति)
- ग) स्थायी शिक्षक अध्यापन अनुमति पत्रको छाँयाप्रति (२ प्रति)
- घ) परिक्षा दस्तुर तिरेको रसिद ।
- ङ) निरोगिता प्रमाणपत्रः नियुक्तिको समयमा

**४. आवेदन गर्न शर्तहरुको आवश्यक जानकारीहरुः**
- क) आवेदनको अन्तिम मितिः २०७९ भाद्र १५ गते ४ बजेसम्म ।
- ख) उमेरको हदः दरखास्त दिने मितिमा १८ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्दछ ।
- ग) परिक्षाको किमिसः लिखित, मौखिक वा कक्षा अवलोकन आवश्यक भएमा ।
- घ) परिक्षाको पाठ्यक्रमः शि.से.आ.को अनुसार
- ङ) परिक्षा दस्तुरः मा.वि तह रु.१,५००।-(एक हजार पाँच सय मात्र) र नि.मा.वि. तह रु.१,०००/- (एक हजार मात्र)
- च) तलब स्केलः प्रचलित ऐन अनुसार
- छ) सम्पर्क मितिः २०७९ भाद्र १६ गते

**शम्भु मण्डल**
**प्रध्यानाध्यापक**

हामा
आइरन एण्ड स्टील
हामास्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे ।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे ।
रमेश : ९८४५१६२४९८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिट्ठा
वीरगंजबाट खुल्ने समय
विहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# विकासको सपना देखेर एमालेसँग एकता गरेका थियौं : प्रचण्ड



चितवन ८ भदौ/ नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी ओलीका कारण राजनीतिक स्थायित्व र विकासको सपना पूरा नभएको दाबी गर्नुभएको छ ।

बुधवार चितवनको माडीमा पुगेर हुलाकी सडक अन्तर्गतको रतनी खोला पुलको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले विकासको सपना देखेर एमालेसँग पार्टी एकता गरेको र केपी ओलीलाई आफ्नै प्रस्तावमा प्रधानमन्त्री बनाएको बताउनुभयो । 'राजनीतिक स्थायित्व र विकासको सपना देखेर हामीले नेकपा बनाएका थियौं । केपी ओलीलाई मेरै प्रस्तावमा प्रधानमन्त्री बनाइएको थियो', उहाँले भन्नुभयो, 'तर दुर्भाग्य, जे सपना देखेर गरेका हौं । त्यो सपना चकनाचुर भयो ।'

उहाँले माडीमा आएर केपी ओलीले मणि बनाउँछु भने पनि विकासका काममा अवरोध सिर्जना गरिरहेको दाबीसमेत गर्नुभयो । सोचेजस्तो रूपमा माडीको विकास नभए पनि विकासले गति लिएको अध्यक्ष प्रचण्डको भनाइ थियो । शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माणमा माडीले फड्को मारेको उहाँले बताउनुभयो । दुई जना मन्त्रीसहित माडी पुग्नुभएका प्रचण्डले एक पटक आफूलाई साथ दिन माडीवासीलाई अनुरोध गर्नुभयो । 'माडीवासीले मौका दिनु भयो भने बाँकी रहेका कामलाई आउँदा दिनमा अझ तीव्रताका साथ अलिकति गुणात्मक प्रतिफल आउने गरी गर्ने मेरो सपना मरेको छैन', उहाँले भन्नुभयो । 'म तपाईंहरूसँगै बसेर विकास मोडेल खडा होस् भन्ने चाहन्छु ।' उहाँले विकासका काममा एकताबद्ध भएर अगाडि बढ्ने बताउनुभयो ।

चुनाव घोषणापछि पहिलो पटक माडी पुग्नुभएका प्रचण्डले झन्डै ३० करोड रुपैयाँमा बन्न लागेका सडक तथा तटबन्धको शिलान्यास गर्नुभएको छ । उहाँले रणनीतिक सडक अन्तर्गतको बरुवा बजारदेखि गँगटेसम्मको सडकका शिलान्यास गर्नुभएको हो । १२ किलोमिटर यो सडक बरुवा बजार हुँदै भैरवपुर, सिद्रेनी, सहिदपुर, गँगटेसम्म पुग्नेछ । यो सडक निर्माण (कालोपत्रसहित) का लागि १९ करोड ९८ लाख ५१ हजार रुपैयाँमा ठेक्का लागिसकेको सडक डिभिजन कार्यालय चितवनका इन्जिनियर विजय दराईले जानकारी दिनुभयो । अबको एक वर्षभित्र काम सक्ने गरी शिवशक्ति शिभम्ले ठेक्का पाएको छ । यो सडकको चौडाइ साढे पाँच मिटर हुनेछ ।

यस्तै हुलाकी सडक अन्तर्गतको बनकट्टामा सडक स्तरोन्नतिका लागि पाँच करोड रुपैयाँ विनियोजन भएको छ । यसको पनि प्रचण्डले आज शिलान्यास गर्नुभएको छ । कलभर्डसहित नाला बनाउने योजनाका लागि बजेट विनियोजन भएको हो । यसको लम्बाइ चार सय १६ मिटर रहेको छ । प्रचण्डले आजै माडीका ६ वटा खोलामा बन्न लागेको तटबन्धको पनि शिलान्यास गर्नुभएको छ । जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत पर्ने योजनाको शिलान्यास उहाँले माडीको टम्टा खोलामा गर्नुभएको हो । माडीमा ६ करोड ५० लाख चार हजार रुपैयाँको लगानीमा ६ वटा खोलामा तटबन्ध बन्दै छ । असोजदेखि काम सुरु गर्ने गरी ठेक्का सम्झौता भइसकेको नारायणी नदी व्यवस्थापन आयोजनाका इन्जिनियर शंकर बुढाथोकीले जानकारी दिनुभयो । उहाँका अनुसार माडीका बगई, टम्टा, परुई, मगुई, रिऊ र चितई खोलामा तटबन्ध बन्ने छ ।

यस्तै प्रचण्डले रतनी खोलामा बनेको पुलको उद्घाटनसमेत गर्नुभएको छ । ६ करोड ६८ लाख चार हजार रुपैयाँमा असार ३२ गते निर्माण सम्पन्न भएको पुलको आज उद्घाटन गरिएको हो । २०७६ भदौ २७ गतेदेखि निर्माण थालिएको पुलको क्षेत्रफल २१ दशवलव २० मिटर रहेको छ ।

# जीतपुरसिमराका वडाअध्यक्ष कार्की र उद्योगी वैधबीच बिवाद

सिमरा, ८ भदौ/सार्वजनिक जग्गाको विषयलाई लिएर जीतपुरसिमरा उपमहानगरापलिका वडा नम्बर ३ का वडा अध्यक्ष तारा कार्की र सालिमार सिमेन्टका सञ्चालक अशोक बैधबीचको बिवाद चुलिएको छ ।

वडा नम्बर ३ का वडा अध्यक्ष कार्की विरुद्ध शालिमार सिमेन्टका सञ्चालक अशोक वैधले ईलाका प्रहरी कार्यालय सिमरामा उजुरी दिएपछि विवाद चुलिएको हो ।

उपमहानगरपालिकाको वडा नम्बर ३ र ५ को सीमानामा रहेको त्रिभुवन राजपथको पूर्वी दिशातर्फ वैधले गोदामको लागि विभिन्न संरचनाहरु निर्माण गरिरहेका छन् । करिब ३ का सार्वजनिक जग्गा अशोक वैधले ढोका लगाएर हडपिरहेका भन्दै वडा अध्यक्ष कार्कीले ढोका नियन्त्रणमा लिनुभएको थियो ।

वडा कार्यालयले बारम्बार संरचना निर्माण कार्य रोक्न पत्राचार गर्दा पनि वैधले अटेरी गरी अगाडि बढेको कार्कीले बताउनुभयो । अमिन बोलाएर जमिन नापजाँच गरेर मात्र निर्माण कार्य अगाडि बढाउन गरेको अनुरोध उद्योगी वैधले अटेर गरेपछि बाध्य भएर ढोका नियन्त्रणमा लिएको कार्कीले बताउनुभयो

वीरगन्ज निवासी वैधले खाली जग्गामा जेसिबी प्रयोग गरी खाल्डो खनेर गेट लगाउन पर्खाल बनाउने कार्य गरिरहेको वडा अध्यक्ष कार्कीले आरोपले लगाउनुभएको छ ।

वैधले भने वडा अध्यक्ष कार्कीको नेतृत्वमा गुण्डागर्दीशैलीमा उद्योगको संरचना निर्माणमा रोक लगाउने कार्य भएको भन्दै आवश्यक शान्ति सुरक्षाको लागि प्रहरीमा उजुरी दिनुभएको हो । उहाँले गैरकानुनी क्रियाकलाप गर्ने उपर कारबाहीको माग पनि गर्नुभएको छ ।

# स्वास्थ्य चौकीका पूर्वस्वास्थ्य व्यवस्थापन समिति सदस्यको विदाइ

निजगढ, ८ भदौ/निजगढ नगरपालिका वडा नम्बर ११ स्थित रतनपुरी स्वास्थ्य चौकीका निवर्तमान स्वास्थ्य व्यवस्थापन समितिका सदस्यहरूको बुधवार एक कार्यक्रमबीच विदाइ गरिएको छ । निजगढ नगरपालिकाका प्रमुख सुरत पुरी र नगरपालिकाकी उपप्रमुख सोममाया थिङ्गले विदाइ गर्नुभएको थियो ।

स्वास्थ्य व्यवस्थापन समितिका नयाँ पदाधिकारी र सदस्यहरुसंगको परिचयात्मक कार्यक्रमसहित पूर्वसदस्यहरुको विदाइ गरिएको हो । सो अवसरमा स्वास्थ्य चौकीव्दारा संचालन गरिएका कार्यक्रमको समीक्षा तथा भावि योजना र कार्यक्रमको बारेमा अभिमुखीकरण पनि गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख पुरी, उपप्रमुख थिङ्ग, वडा अध्यक्ष सहइया



गुरो, स्वास्थ्य शाखा सहसंयोजक मणिश्वर घिमिरे, निवर्तमान अध्यक्ष प्रेम रुम्बालगायतको उपस्थिति रहेको थियो ।

रतनपुरी स्वास्थ्य चौकीले गत आर्थिक वर्षमा ६७ जनालाई सुरक्षित प्रसुति सेवा प्रदान गर्नुको साथै २६ जनालाई निशुल्क एम्वुलेन्स सेवा, २ सय ५१ जनालाई निशुल्क भिडियो एक्सरेसहित गर्भवती जाँच सेवा उपलब्ध गराउनुको साथै वृद्धवृद्धाहरुलाई घरदैलोमा पुगेर स्वास्थ्य सम्बन्धि विषेश सेवाहरु प्रदान गरेको सो अवसरमा जानकारी दिइएको थियो ।

# कुर्थाबाट बर्दिबाससम्मको रेलमार्गबारे प्रतिनिधिसभाको विकास समितिमा चासो

काठमाण्डौं,८ भदौ/धनुषाको कुर्थाबाट महोत्तरीको बर्दिबाससम्म निर्माणाधीन ३५ किलोमिटर लामो ब्रोडगेज रेलमार्ग निर्माणकार्यबारे प्रतिनिधिसभाअन्तर्गतको विकास तथा प्रविधि समितिले चासो देखाएको छ ।

रेल निर्माणका क्रममा देखिएको मुआब्जा विवाद, निर्माण कार्यको अवस्था, समस्या समाधानका उपायलगायत बारेमा समितिका सभापति कल्याणी खड्काको नेतृत्वमा समितिका सदस्यहरूको टोलीले निर्माणाधीन सो रेलमार्गको निरीक्षण गरेका छन् ।

महोत्तरीको बर्दिबासबाट भारतको जयनगरसम्मको रेलमार्गको निरीक्षण गरी टोलीले कुर्थाबाट बर्दिबाससम्म रेलमार्ग निर्माणका क्रममा देखिएको मुआब्जा विवाद र समाधानका उपायबारे प्रदेशसभाका सदस्य, नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जनकुमार झा, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, रेलमार्गमा पर्ने स्थानीय तहका प्रमुख, उपप्रमुख तथा सरोकारवाला निकायका प्रतिनिधिसँग छलफलसमेत गरेको छ

छलफलका क्रममा प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुख उपप्रमुखले रेलमार्ग निर्माणका सन्दर्भमा उत्पन्न भएको मुआब्जा विवाद समाधानका लागि सङ्घीय सरकारले ठोस नीति बनाउनुपर्ने र त्यसमा आफूहरूले आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभएको धनुषाका प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो ।

सो अवसरमा नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झाले भारतको जयनगरबाट महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत १९ गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको जानकारी दिनुभयो ।

# सडक अलपत्र पार्ने माओवादी अध्यक्ष प्रचण्डका 'घरबेटी' कालोसूचीमा





काठमाण्डौं,८ भदौ/सडक अलपत्र पार्ने माओवादी अध्यक्ष प्रचण्डका 'घरबेटी' शारदाप्रसाद अधिकारीको शैलुङ कन्स्ट्रक्सनले नयाँ ठेक्का नपाउने गरि कालो सूचीमा परेको छ । सरकारले ठेकेदार अधिकारीको निर्माण कम्पनी शैलुङ कन्स्ट्रक्सन निर्माण कम्पनीलाई तीन वर्षका लागि प्रतिबन्ध लगाएको होरु। खरिद सम्झौताविपरीत ठेक्का अलपत्र पारेको आरोपमा सार्वजनिक खरिद अनुगमन कार्यालयले शैलुङलाई तीन वर्षका लागि कालोसूचीमा राखेको हो ।

बुधवार सार्वजनिक खरिद अनुगमन कार्यालयले शैलुङसहित १० वटा निर्माण कम्पनीलाई कालो सूचीमा राखेको सार्वजनिक सूचना प्रकाशन गरेको छ । सत्ता र शक्तिको आडमा शैलुङका प्रमुख अधिकारीले ठेक्का हत्याउने, त्यसबापतको पेस्की रकम अन्यत्रै लगानी गरेर सडक, पुललगायत सरकारी/सार्वजनिक संरचना निर्माण अलपत्र पार्दै आएका छन्रु। अधिकारी पूर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका 'घरभेटी' हुन । काठमाडौं उपत्यकामा थुप्रै ठेक्का ओगटेर पेस्की रकम दुरुपयोग गरेको, सम्झौतामा उल्लिखित मितिभित्र निर्माण सम्पन्न नगरेको, नियतवश निर्माण लागत बढाएको आरोप अधिकारीमाथि छरु। शैलुङलाई सडक सुधार तथा विकास आयोजना निर्देशनलायको सिफारिसमा कालो सूचीमा राखिएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार कुनै पनि

बाँकी तेश्रो पेजमा

# पर्सामा ९ हजार ४५४ मतदाता थपिए




वीरगन्ज, ८ भदौ/स्थानीय तहको निर्वाचनपछि पर्सामा ९ हजार ४५४ जना मतदाता थपिएका छन् । ४ हजार १२१ जना र पु?ष ५ हजार ३३३ जना गरी ९ हजार ४५४ जना मतदाता थपिएका हुन् ।

असार १ गतेदेखि साउन १९ गतेसम्म भएको मतदाता नामावली संकलनका क्रममा उनीहरुले फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय पर्साले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा ५ हजार २० जना, जिल्ला निर्वाचन कार्यालय पर्सामा ३ हजार ४११ जना र ईलाका प्रशासन कार्यालय सुपौलीमा १ हजार २३ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए ।

जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार योसँगै पर्साको कुल मतदाता संख्या ३ लाख ४९ हजार ३२३ पुगेको छ । जसमा १ लाख ५२ हजार ३९७ महिला र १६ जना अन्य छन् ।

सरकारले मंसिर ४ गते प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन गर्ने निर्णय गरिसकेको छ । त्यसका लागि मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) को कार्यक्रम सुरु गर्न लागिएको समेत जिल्ला निर्वाचन अधिकारी झाले बताउनुभयो ।

# फेसबुक 'ह्याक' गरेर २० जनासँग पैसा असुल्ने युवक पक्राउ



काठमाण्डौ ८ भदौ/ फेसबुक 'ह्याक' गरेर रकम ठगी गर्ने एक जनालाई बुधवार प्रहरीले पक्राउ गरेको छ ।

विभिन्न व्यक्तिको फेसबुक ह्याक गरेर उनीहरूका आफन्त, साथी तथा सहकर्मीसँग च्याटमार्फत डिजिटल माध्यमबाट पैसा पठाउन लगाउने मोरङको पथरी शनिश्चरे नगरपालिका १० मंगलबारेका २० वर्षका किरण पाठकलाई नेपाल प्रहरीको साइबर ब्युरोले पक्राउ गरेको हो ।

पाठकले झन्डै २० जनाबाट रकम

बाँकी तेश्रो पेजमा

प्रबन्ध संचालकः- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादकः- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाताः-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालयः-निजगढ नगरपालिका वार्डनम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रकः-के.एस. मल्टिप्रपोज प्रा.ली.